परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष ९ ❑ अंक ६ २०७७ भाद्र १४ गते आईतवार Sunday 30, AUG, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर



खेतीमा त बोडी फलेको छ तर कोरोना महामारीको कारण लबडाउ र निषेधाज्ञाले बजार नपाउँ कटहरी गाउँ पालिकाका तरकारी खेती किसानहरु चिन्तत देखिएका छन् । फोटो : श्याम सुन्दर सुतिहार

## कोरोनाको कहर बढेसंगै स्थानीय तहहरुमा निषेधाज्ञा अबद्दी बढाउँदै

विराटनगर । कोरोना संक्रमणबाट बच्नका लागि संघिय सरकारले चैत्र ११ गते लकडाउन जारी गरेको थियो । सो लकडाउन अषाढ महिनामा हटाएर स्थानीय निकायले आफ्नो आवशयकता अनुसार लकडाउन र निषेधाज्ञा जारी गर्न सक्ने निर्देशनपछि कोरोना संक्रमण बढेका स्थानहरुमा लकडाउन र निषेधाज्ञा जारी रहेको छ ।

सोही क्रममा प्रदेश नं. १ को राजधानी विराटनगर महानगर पालिका, रंगेली नगरपालिका, कटहरी गाउँपालिका र बुढीगंगा गाउँ पालिकाहरुको केही वडाहरुमा भाद्र ५ गते देखि भाद्र १० गते सम्म निषेधाज्ञा जारी गरेको थियो । पुन : जिल्ला प्रशासन कार्यालय मोरंग र स्थानीय तहको सहमतिमा मोरंग जिल्ला भरी मोरंगले भाद्र १० देखि १६ गते सम्म को लागि निषेधाज्ञा जारी गर्दै कोरोना रोकथामको लागि सम्पुर्ण सावधानी अपनाई विहान १२ बजे सम्म बजार खुल्ने निर्देशन भएपछि सोही अनुरुप बजार खुली रहेको छ । आम जनाता एउटा प्रश्न छ के दिउँसो १२ बजे सम्म बजार खोल्दा कोरोना सर्दैन ? १२ बजे पछि मात्र सर्छ ? यसका जवाफ कसै संग छैन ।

प्रदेश न. १ मा शनिवार मात्रै १ सय १२ जना कोरोना संक्रमित थप भएका छन् । जस मध्ये मोरंगमासुनसरीमा २४, झापा र धनकुटामा १९-१९, संखुवासभामा २ र प्रदेश १ बाहिरका १ जना रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

प्रदेश नं. १ को राजधानीमा २१ जना कोरोना संक्रमित थप भएको छ । जसमध्ये ११ जना

वांकी अन्तिम पेजमा...

## निगुरो टिप्न गएको किशोरी माथि बलात्कार

विराटनगर । निगुरो टिप्न तीन जना भाईहरु संग गएको एक किशोरीको बलात्कार भएको छ ।

मोरंग बेलवारी नगरपालिका वडा नं. ११ की १६ वर्षिय दलित किशोरीमाथि अनौठो किसिमले बलात्कार भएको छ ।

घटनाको विवरण अनुसार लक्ष्मीमार्गको जंगलमा निगुरो टिप्दै गरेको टिप्दै गरेको ठाउंमा स्थानीय होम तामाङले चारै जनालाई नियन्त्रणमा लिएर घटना गराएको प्रहरीले वताएको छ ।

निगुरो टिप्न भएका तीनजना किशोर र एक जना किशोरीलाई डर धाक देखाउँदै पहिले तीनै जना किशोरहरुलाई किशोरीमाथि पालैपालो बलात्कार गर्न लगाएर त्यसपछि तामाङले बलात्कार गरी फरार भएको खुलेको छ ।

नियन्त्रणमा लिँदै नाता सम्बन्धका १२, १३ र १४ वर्षको बालकहरुलाई १६ वर्षको किशोरीमाथि बलात्कार गर्न लगाएर आफूले पनि बलात्कार गर्नु भनेको अनौठो घटना भएको प्रहरीले वताए ।

किशोरीको शरीरका केही भागमा चोटपटक पनि रहेको छ । उनलाई उपचार र स्वास्थ्य परीक्षणका लागि प्रहरीले बिहीबार विराटनगरको कोशी अस्पताल ल्याएको छ । प्रारम्भिक स्वास्थ्य परीक्षणबाट बलात्कारको पुष्टि भएको प्रहरीले जनाएको छ ।

किशोरीका अभिभावक र आफन्तले इलाका प्रहरी कार्यालय बेलबारीमा तामाङविरुद्ध बुधबार किटानी जाहेरी दिएपछि प्रहरीले

वांकी अन्तिम पेजमा...

## कोरोना शुरुवात हो अवस्था अझ गम्भीर हुन्छ : डब्लुएचओ

काठमाडौं । नेपालमा कोरोना संक्रमणको अहिले शुरुवाती चरण हो अवस्था अझ गम्भीर हुने सम्भावना भएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले भविष्यवाणी गरेको छ ।

डब्लुएचओका नेपालस्थित कार्यालयका प्रतिनिधि डा. जोस भ्यानडिलिएरले नेपालमा परिस्थिति अझ् नराम्रो हुने बताएका हुन् । मंगलबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नियमित अपडेटमा प्रवक्ता प्रा.डा. जागेश्वर गौतमलाई अन्तरवार्ता दिँदै भ्यानडिलिएरले भनेका छन्, हाम्रो अध्ययनले नेपालमा परिस्थिति अझै नराम्रो हुनसक्ने देखाएको छ ।'

अहिलेको अवस्था 'सुरुवात मात्र' हो । अब निकै नै कारोना संक्रमणको विरामी बढ्नेवाला छ । आगामी दिन, हप्ता र महिनामा धेरै नै केसहरू देख्ने छौं । परिस्थिति अझै नराम्रो हुनेवाला छ ।'

कोरोना भाइरस (कोभिड-१९) विरुद्धको लडाईंमा निजी क्षेत्रसँग सहकार्य गर्नुपर्ने उनले बताए ।

वांकी अन्तिम पेजमा...

## स्वास्थ्यकर्मीको लापर्वाही, मेसुलाई कारवाही

कलैया, भाद्र १२ गते । कलैया अस्पतालमा एक गर्भवती महिलाको उपचारमा स्वास्थ्यकर्मी स्टाफहरुले लापार्वाही गरेको भन्दै मडिकल सुपरिटेन्डेन्ट माथि कारवाही गर्न माग गरको छ ।

बारा जिल्लामा एक मात्र जिल्ला अस्पताल कलैयाको मेडिकल सुपरिटेनडेन्ट विरेन्द्र मण्डललाई कारवाहीक गर्न माग गर्दै जिल्ला प्रहरी कार्यालय कलैयामा जाहेरी परेको छ ।

कलैया उपमहागरपालिका वडा नं. ७ को अन्तिमा कुमारीलाई सुत्केरी गाराउनका लागि आएका थिए । स्टाफको लापार्वाहीले गर्भमै वच्चाको मृत्यु भएको थियो ।

गर्भवती अन्तिमा कुमारीको आफन्त सुभाष भगत मालीका अनुसार ड्यूटीमा रहेको स्टाफ हरुको लापार्वाहीले बच्चाको ज्यान गएको आरोप लगाएको छ ।

बच्चाको मृत्यु भएपछि अस्पतल क्षेत्र भित्र तनाव बढेको थियो । तनावलाई शान्त पार्न जिल्ला प्रहरी कार्यालयवाट खटिएको प्रहरीले दुवै तर्फको कुरा सुनेर पिडितलाई सम्झाई बुझाई गरी कानुनी प्रक्रिया अगाडी वढाउन सल्लाह दिएको थियो । स्वास्थ्य कर्मीको अनुसार गर्भवत्तीको स्थीति गम्भीर भएकोले विरंगन्ज लान जानकारी दिई सकेको वताए ।

पिडित परिवारले अस्पतालमा कार्यरत डाक्टर, नर्स लगायत

वांकी अन्तिम पेजमा...

## दुई समूहको झडपमा एक जनाको मृत्यु

विराटनगर, भाद्र १२ गते । प्रदेश नं. १ को मोरंग जिल्लाको बेलवारी नगरपालिकामा दुई समूह बीच झडप हुँदा १ जनाको मृत्यु भएको छ भने ४ जना घाईते भएका छन् ।

खुकुरी प्रहारबाट गम्भीर घाइते भएका स्थानीय चन्द्र कुमार राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङका मोरङ प्रहरीका प्रवक्ता डीएसपी मानबहादुर राई वताए ।राईको उपचारका क्रममा विराट मेडिकल कलेजमा मृत्यु भएको छ । घटनामा घाइते भएका सइकुमार राई, समुन्द्र राई र गौरव राईको विराट मेडिकल कलेजमै उपचार भइरहेको छ ।

शुक्रबार दिउँसो स्थानीय ३२ वर्षीय जितेन चौधरी, २५ वर्षीय दिनेश श्रेष्ठ, ३२ वर्षीय सन्तोष मगर र विक्रम राईको समूहले बिहीबार भएको भनाभनको निहुँमा चन्द्रकुमारमाथि आज आक्रमण गरेको प्रहरीको भनाइ छ ।

चौधरीको समूहले खुकुरी र बञ्चरो लगायतका हतियारले प्रहार गरेपछि दोहोरो झडप भएको थियो । एक दिन पहिले भएको भनाभनको रिसीवीले समूह-समूह बीच फाईट हुँदा एकजनाले ज्यान गुमाएको छ । चौधरी समूहका मानिसहरुपनि घाईते भएको छन

घटनामा संलग्न दिनेश श्रेष्ठ, सन्तोष मगर र विक्रम राई फरार रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएका छ ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

## कोरोनाको...

पुरुक्ष र १० जना महिला रहेको छ। कटहरी गाउँपालिकमा ६ महिला ९ पुरुष, पथरीशनिश्चरेमा ७ पुरुष, सुन्दरहरैचामा १ महिला १ पुरुष, बेलबारी र सुनबर्षीमा १-१ पुरुषको रिपोर्ट पोजेटिभ आएको छ।

त्यसै सुनसरीको इटहरीमा २ महिला ७ पुरुष, दुहवीमा ३ महिला ६ पुरुष, धरानमा २ महिला ४ पुरुष, झापाको दमकमा ७ महिला ९ पुरुष, झापा गाउँपालिकामा १ महिला २ पुरुष, धनकुटाको धनकुटा नगरपालिकामा १ महिला १८ पुरुष, संखुवासभाको खाँदबारीमा २ पुरुष र प्रदेश १ बाहिरकी एक महिलामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ। प्रदेश १ मा कोरोना संक्रमितको संख्या ३ हजार २१६ पुगेको छ। प्रदेश १ मा आज ९ जना डिस्चार्ज भएको मन्त्रालयको तथ्यांक छ।

कोरोना संक्रमितको संख्या प्रदेश नं. १ मा ३ हजार २ सय १६ पुगेको छ जसमध्ये पुरुष २ हजार ३ सय ७७ र महिला ८ सय ३९ रहेको छ। प्रदेश नं. १ वाट कोरोनालाई जितेर घर फर्किनेको संख्या १ हजार ५ सय २५ रहेको छ। प्रदेश १ मा मृत्यु हुनेको संख्या २९ पुगेको छ।

लकडाउन र निषेधाज्ञा जारी भएतापनि संक्रमितको संख्या दिनदिनै बृद्धि भई नै रहेकोले स्थानीय सरकारले निषेधाज्ञाको विकल्प खोज्न आवश्यक छ। लामो समयको लकडाउन र निषेधाज्ञाले आम नागरिकको दैनिकी जीवन कष्टकर बन्दै गई रहेको छ। त्यसैले समान्य ज्याला मजदुरी गर्नेको लागि बातावरण सिर्जना गर्नु पर्दछ।

## निगुरो...

बालकहरुसंग बयान लिने काम गरेको छ।

बेलबारीका प्रहरी निरीक्षक ऋषिराज ढकालका अनुसार तामाङले धम्की दिएर आफूहरुलाई जबरजस्ती बलात्कार गर्न बाध्य पारेको बालकहरुले बताएका छन्। बलात्कारमा संलग्न तामाङ फरार रहेकाले खोजी भईरको र घटनाको गम्भीर ढंगले अनुसन्धान अघि बढाइएको जानकारी ढकालले वताए।

## कोरोना...

उनको भनाइ छ, 'कोभिड-१९ को संकटमा सरकारले मात्र सबैकुरा गर्न सक्दैन। यो लडाईंमा निजी क्षेत्रसँग हातेमालो गरेर अगाडि बढ्नुपर्छ।'

केन्द्र सरकारले मात्र कोरोनाविरुद्धको लडाईं जित्न नसक्ने भन्दै यसमा प्रदेश र स्थानीय सरकारको भूमिका प्रभावकारी राख्नुपर्नेमा समेत जोड दिए। कोरोना संकटमा स्वास्थ्य संगठनले नेपाललाई निरन्तर सहयोग गरिरहने आश्वासन समेत दिएका छन्।

## स्वास्थ्यकर्मीको...

स्टाफहरुको लापर्वाही भएकोले सवैलाई कारवाही गरी पाउन उजुरी दिएको छ।

म आफै विरामी भएको कारण डेरामा अराम गर्दै थिए। अस्पतालमा के भयो भने मलाई जानकारी भएन बताए। मण्डल आफू वच्नको लागि अस्पतालमा कर्मचारी र स्रोत साधनके कमीको कारण केही समस्याहरु आई रहेको जानकारी गराए।

पिडित परिवारको जाहेरी परेपछि अनुसन्धान भई रहेको कलैयाका प्रहरी नायव उपरिक्षक गौतम मिश्रले जानकारी दिए। एक महिना भित्रै दुई अवोध वच्चा जन्मन साथ मृत्युको छ। कलैया अस्पतालमा मेसुले आफ्नो पत्नीलार्य सिनियर स्टाफ नर्सम भर्ती गरेपछि यस्ता लापर्वाही भई रहेको स्थानीयको भनाई छ।

## कोरोना संक्रमितको न्यूरोमा मृत्यु

विराटनगर, भाद्र । महोत्तरी घर भएको एक कोरोना भाइरस संक्रमित पुरुषको न्यूरो अस्पतालमा मृत्यु भएको छ।

टाउँकोमा समस्या भई नसाहरु समेत सुकेर प्यारालाइसिस भएको उनको उपचार गर्दागर्दैको अवस्थामा कोरोना परिक्षण पोजिटिभ देखिएको थियो।

साउन ३१ गते न्यूरो अस्पतालमा भर्ना गएिको उनका लक्षण करोना जस्तो देखिएपछि स्वाब संकलन गरेर पीसीआर परीक्षण गराउँदा भदौ ७ गते पोजिटिभ रिपोर्ट आएको अस्पतालले जनाएको छ

अस्पतालको कोभिड -१९ मेनेजमेन्ट एण्ड रेस्पोन्स कमिटीको संयोजक एबम अस्पतालका डाइरेक्टर रन्जितराज बस्नेतका अनुसार मृतक पुरुषमा कोरोना देखिएपछि अस्पतालले तयार गरेको आइसोलेसनमा उपचार भैरहेको थियो। भेण्टिलेटरमा राखेर उपचारको क्रममा उनको मृत्यु भएको हो।

**मोटर साईकल चलाउँदा हेलमेटका प्रयोग गरौं।**

# विद्यालयमा शिक्षण सिकाई संचालन गर्न प्रदेश सरकारको तयारी

विराटनगर। विश्वभर महामारीका रुपमा फैलिएको कोरोना भाईरसका कारण ५ महिनादेखि विद्यालय बन्द रहेका विद्यालयमा शिक्षण सिकाई संञ्चालन गर्न प्रदेश नं. १ सरकारले तयारी गरि रहेका छन्।

लामो समय देखि विद्यालय बन्द भएपछि प्रदेश १ सरकारले विद्यालयमा सिकाई सञ्चालनका लागि सामाजिक विकास मन्त्री जीवन घिमिरेले स्थानीय तहका प्रमुख/उपप्रमुख तथा शिक्षा क्षेत्रसँग संवन्धित व्यक्तिहरुसँग परामर्श गरि विद्यालयमा सिकाई सञ्चालनको मार्गनिर्देशन तयार गर्न दिएको निर्देशन अनुसार मन्त्रालयको शैक्षिक महाशाखाले छलफल गरि सुझाव संकलन गरेको छ।

मन्त्रालयका अनुसार विद्यालयमा सिकाई सञ्चालनका लागि संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गरेर अघि बढ्ने मन्त्री घिमिरेले बताउनुभयो। उहाँले मन्त्रालयले प्राप्त गरेको सुझाव अनुसार चाँडै बैठक बसेर निश्कर्षमा पुगिने बताउनुभयो।

सामाजिक विकास मन्त्रालयले स्थानीय तहका प्रमुखरउपप्रमुख, शिक्षा विकास तथा समन्वय ईकाई प्रमुख, शिक्षक महासंघ, प्याब्सन, एनप्याब्सन, अभिभावक संघसँग छलफल गरि संकलन गरिएको सुझाव शिक्षा मन्त्रालय समक्ष पेश गरेको छ। मन्त्रालयले विद्यालयमा असोज देखि सिकाई सञ्चालनको सुझाव दिएको छ। सिकाई सञ्चालन अघि भदौ भित्रमा विद्यार्थीको अभिलेखीकरण गरिसक्नुपर्ने, विद्यालयमा रहेका क्वारेन्टाईन, आईसोलेसन सेन्टर र होल्डिङ सेन्टर हटाउनुपर्ने सुझाव दिईएको छ।

कक्षा सञचालन पुर्व विद्यालयमा निर्मलिकरण गर्नुपर्ने, लकडाउनका कारण घरमा रहेका र अहिले विभिन्न स्थानमा निषेधाज्ञा रहेकाले शिक्षकलाई विद्यालयसम्म पुग्नका लागि सहजवातावरण बनाईनुपर्ने सामाजिक विकास मन्त्रालयले सुझाव दिएको छ। सामाजिक विकास मन्त्रालयले विहान र दिउँसो दुई चरणमा विद्यालय सञ्चालन गर्नुपर्ने सुझाव दिएको छ। उसले जोर विजोर विद्यार्थी ( रोल नंम्वरका आधारमा ), जोर विजोर कक्षा सञ्चालन गर्न सकिने सुझाव दिएको छ। स्थानीय तहमा प्रत्येक विद्यालयको शिक्षक सदस्य रहने गरि कोभिड टाक्स टिम तयार गर्ने र टिमको सुझाव अनुसार विद्यालय सञ्चालन गर्न सकिने सुझाव दिईएको छ।

सामाजिक विकास मन्त्रालयले कक्षा ११ को आन्तरिक मूल्याकंन गरेर १२ कक्षा अविलम्व सञ्चालन गर्न सुझाव दिएको छ। मन्त्रालयले विभिन्न क्षेत्रका व्यक्तिसँग गरेको छलफलमा निर्मलिकरण गरेर छिटो भन्दा छिटो विद्यालय सञ्चालन गर्नुपर्ने, कम विद्यार्थी भएका विद्यालयबाट पठन पाठन शुरु गर्नुपर्नेमा जोड दिएका थिए।

प्रदेश १ का १ सय ३५ विद्यालय र ६ वटा क्याम्पसमा अहिले पनि क्वारेन्टाईन रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार २ वटा विद्यालयमा होल्डिङ सेन्टर, ३ वटा विद्यालय र एउटा क्याम्पसमा आईसोलेसन केन्द्र सञ्चालनमा छन्। प्रदेश १ का ७ हजार १ सय ३७ विद्यालयमा करिव १२ लाख ४० हजार विद्यार्थी अध्ययनरत रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ।




हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक र सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल**

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार ढोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, painless प्रसुती सेवा, Emergency सेवा नया एंव अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँछौ ।

**हाम्रो सेवाहरु :-**

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याव सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ X-Ray, ECG,ECHO,USG,HSG,Cystoscopy

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### कोरोना विरुद्धमा नागरिक दायित्व

कोरोना विरुद्धको लडाईमा सबैको समाजिक दायित्व हुन आवश्यक छ । कोरोनालाई परास्त गर्न मात्र सरकारले कहिलेपनि सक्दैन । बरु सरकाले कोरोनाबाट बच्न बनाएको प्रोटोकललाई आम नागरिकले पालना गरेमा कोरोनालाई अवश्य हराउन सकिन्छ । समाजमा देखिएको कोरोना संक्रमित प्रतिको विभेदले समाजमा सझ जटिल अवस्था सृजना गरेको छ । कोरोना पोजिटिभ हुनेलाई घरमा बस्न नदिने, छरछिमेकले अपहेलनाका दृष्टीले हेर्नु, समाजिक बहिष्कार जस्तो व्यवहारले संक्रमितका मनोवल कम्जोर भएर मृत्युको मुखमा पुग्ने सम्भावना बढेको छ । कोरोना संक्रमितलाई विभेद नगरी सदभावका साथ सामाजिक दुरी कायम गरी संक्रमितको घरमा हुने आवश्यकतालाई छरछिमेकले परिपुर्ति गरिदिएको भए कोरोना संक्रमितको परिवारको बनोवल बढेर कोरोनासंग लड्ने क्षमता बढेर छिटो निको हुने सम्भावना रहन्छ ।

दुःखको कुराके छ भने कोरोना संक्रमित परिवारलाई भने छरछिमेकले असहजता निर्माण गरेका छन् । उनी कोरोना संक्रमित भएकै कारण टोलमा 'सामाजिक दूरी' बढेको छ। कोरोनाका कारण समाजमा सजगताभन्दा निर्दयता बढ्दो छ । यस्तो वेलामा राज्य र बुद्धिजीवी वर्गले सचेतना फैलाउन आवश्यक छ । कोरोना महाव्याधिको महाप्रभाव विश्वव्यापी छ । बाजा बजाएर आउने वा देखिएर सर्ने रोग होइन हो । जति सावधानी अपनाउँदा-अपनाउँदै पनि कति बेला को संक्रमित हुन्छ, कसैलाई थाहा छैन । यस्तो अवस्थामा छि-छि र दूरदूर गर्ने व्यक्ति नै कुनै दिन संक्रमित हुनुपर्ने हुन सक्छ त्यती वेला कस्तो अवस्था हुन्छ ।

त्यसैले सरकारले पनि कोरोनाले समाजमा देखिएको विभेद, समाजिक दुरी, लगायतलार्य चिर्न आवश्यक छ । खाली कोरोना परिक्षण, कोराईनटानमा राख्न, स्वाव परिक्षण, खाना व्यवस्थापनले मात्र पुग्दैन समाजमा देखिएको कटुता र हेर्ने दृष्टीकोणलाई समेत सचेतनाको माध्यमले परिवर्तन गर्न आवश्यक छ। त्यसैगरी कोरोनाको कारण स्थानीय तहहरुमा निषेधाज्ञा जारी गर्ने दायितव प्रशासनका को हो भने कुनै पनि नागरिक भोकवाट मर्न नदिनु जिम्मेवारी पनि हो । निषेधाज्ञाको कारण अहिले बजारमा समानको अभाव सृजना गरी तरकारीको भाव अकासिएको छ । जसको मार सिधै उपभोक्तमा पर्दछ । त्यसलाई रोक्न काम पनि प्रशासनकै हो यदि त्यस्तो आरजकता रोक्न सकेन भने समाजिक दुरीका साथ समाजमा द्वन्द्ध न होला भन्न सकिन्न ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): भ्रमण खानपान तथा श्रृगार मा धन खर्च हुने छ। साताको अन्तिम तिर कार्य क्षेत्र वा समाजमा कुरा काट्नेको संख्या बढे पनि साथीसंग राम्रो सहयोग मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): प्रेमका कोपिलाहरु फक्रिएर जाने छ । शेयर कारोबारबाट फाईदा हुनुका साथै छोटो र रमाइलो यात्रापनि हुनेछ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : सामाजिक प्रतिष्ठा प्राप्त हुने देखिन्छ। नयां-नयां कामगरी समाजको ध्यान आफुतिर आकर्षित गर्न सकिने छ। प्रेम प्रस्ताव प्राप्त हुन सक्छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**: व्यपार व्यवसायवाट विशेष लाभ हुने देखिन्छ। अचल सम्पत्ती हातपर्ने योग छ। राम्रो बोल्दा बोल्दै पनि अपजस आइलाग्न सक्छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: धन प्राप्तीको लागि पेशा, व्यवसाय एव स्थान परिवर्तन हुन सकछ। मंगलिक कार्यमा उपस्थितिका साथै विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: नयाँ ठाउँमा रमाईला यात्राहरू हनेछन्। खर्च बढेपनि आम्दानी भन्दा बढी खर्च हुनेछैन। झैझगडा र मुद्दामामिलाबाट टाढिनु नै जाति हुन्छ

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**: अभिभावकको सुझावले उचाइमा पुऱ्याउन सहयोग गर्नेछ। वाहान लाभपनि हुने समय छ प्रेमीरप्रेमिकाकाबिच खिन्नता बढ्नेछ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सबल हँदै विदेश भ्रमण गर्ने अवसर जुट्न सक्छ। भौतिक सुविधाका साधन खरिद गर्ने अवसर जुट्न सक्छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: सामाजिक कार्य गर्दा मान-प्रतिष्ठा कायम राख्न गोपनियतामा ध्यान पुऱ्याउनुहोला। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**: सभा-सेमिनारमा सहभागी हुने अवसर प्राप्त होला। विद्या, बुद्धि र सन्तान सुख मिल्नेछ। अतिथिको रूपमा सत्कार पाइनेछ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)** : छोटो यात्रा सफल नै हुन्छ, । तार्किक क्षमता एवं बोलीको प्रभावले स्वरोजगार भइनेछ। रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : काम गर्दा आकस्मिक समस्या आइलागेपनि समस्याको हलसमेत निस्कनेछ। मित्रहरूबाट सहयोग जुट्नेछ। व्यापार व्यवसायबाट आम्दानी हुनेछ।

# कोरोनामा अमेरिकी अनुभव : नेपाली जनतालाई सुझाव



सुर्य थापा

जन्मभूमि नेपालमा रहनुभएका समादरणीय पाठकवृन्द, सात समुन्द्रपार अमेरिकाको टेक्सासबाट यहाँहरु सबैमा सादर नमस्कार गर्न चाहन्छ ।

अमेरिका, यसै पनि सपनाको देश भन्ने गरिन्छ । अहिले म त्यही देशमा छु । यहाँ रातमा हैन, दिउँसै सपना देखिन्छ । अझ देखिने मात्र हैन, विपनामै साकार पनि बनाउन सकिन्छ । त्यसैले त भन्ने गरिएको हो- अमेरिकी सपना । यो सपना मैले मात्र हैन, हरेक वर्ष लाखौं मानिसले देख्छन् र अमेरिकालाई लक्ष्य बनाएर त्यतैतिर पाइला नाप्ने गर्छन् ।

तर, समय सधैं एकनास कहाँ हुँदोरहेछ र ! अहिले त्यही दिउँसै सपना देखिने अमेरिका आफैं राति पनि सपना देख्न नसकिने अवस्थामा पुगेको छ । कोरोना कहरले सपना चोरिदिँदा रातमा सपनाका नाममा केही त्रासदी मात्र देखिने समय आएको छ ।

केही बर्षयता मैले पनि अमेरिकालाई नै कर्मभूमि बनाएको छु । तर, नेपालमा भएका हरेक घटनालाई भने त्यहीँ भए भन्दा पनि नजिकबाट हेर्ने र बुझ्ने प्रयासमा रहिरहेको छु । आजभोलि हरेक रात सपनाले नराम्ररी ऐठन लगाउन थालेको छ । थरिथरिका सपनाका प्लटले एउटै कुरा संकेत गरिरहेका छन्- समय राम्रो छैन । अनिकालमा बिउ जोगाउनुपर्छ, हुलमुलमा जिउ जोगाउनुपर्छ भनेर होसियारी अपनाउनु नै अहिलेको मूलमन्त्र ठानेर म पनि त्यसै गरिरहेको छु ।

आगामी नोभेम्बर ३ मा हुने राष्ट्रपतिको चुनाव नजिकिँदै गर्दा अमेरिकामा हरेक कुरामा राजनीति पसेको छ । हुँहाहुँदा कोरोनामा पनि राजनीति पस्दा अनाहकमा धेरै मानिसको ज्यान गएको छ । यंहाँ कतिपय मानिसहरु कोरोनालाई होक्स (बकबास) भन्छन् र यसलाई पुरै बेवास्ता गर्छन् । उनीहरू आफूलाई बहादुर देखाउन न फेस मास्क लगाउँछन्, न ६ फिट दूरी कायम गर्छन्, न स्यानिटाइजरको प्रयोग नै गर्छन् । उनीहरूलाई लाग्छ, त्यसो गर्नु भनेको कायर हुनु हो । बरू उनीहरू मर्न तयार छन्, मास्क लगाउन तयार छैनन् ।

हुन त केही पहिलासम्म कोरोनालाई होक्स भन्दै राष्ट्रपति ट्रम्पले नै ब्रेन वास गरिदिने गर्दथे । उनले नै त्यस्तो कुरा गरिदिँदा अमेरिकी जनजीवन थप संकटमा परेको एकथरी अमेरिकीको बुझाइ छ । उनीहरू ठान्छन्, राष्ट्रपति ट्रम्प क्रियामा-प्रतिक्रियामा आउँदा अमेरिका ठाडो चिरामा विभाजित छ । लाग्छ, यो विभाजनको रेखा मेट्न असम्भव त नहोला । तर, सजिलै सम्भव पनि देखिँदैन। यो कुन दिशातिर मोडिन्छ, त्यसका लागि नोभेम्बर ३ को म्याण्डेट निर्णायक हुन सक्छ ।

अमेरिका कोरोना कहरको वरियतामा अहिले पनि शीर्षस्थानमा छ । ६० लाख संक्रमित हुँदा ३३ लाख निको भए, एक लाख ८२ हजार मरिसके, बाँकीको उपचार जारी छ ।

आज पनि औसतमा हरेक दिन हजारौं नयाँ संक्रमित थपिरहेका छन् भने सयौंको मृत्यु भैरहेको छ । तर, यो डरलाग्दो मृत्यु आँकडा राजनीतिको घोलमा घोलिएर अर्थहीन भएको छ ।

राष्ट्रपति ट्रम्प सोझै भनिरहेका छन्, 'चाइनिज भाइरसलाई मुद्दा बनाएर डेमोक्रेटहरू चुनाव अपहरण गर्दैछन्।' डेमोक्रेटहरू प्रतिवाद गर्दैछन्, यो सब बेकारको कुरा हो । तर, सत्य के हो भने एक राष्ट्पतिले कडा कदम चाल्न ढिला गरे अर्को जनताले आफूले आफैंलाई जोगाउन होसियारी नगरेकै कारण यति धेरै अमेरिकीको ज्यान गएको हो ।'

आरोप प्रत्यारोप आफ्नो ठाउँमा होला, तर जब यो महामारी चीनमा शुरु भएर अमेरिका छिरेको थियो । त्यतिबेला राष्ट्रपति ट्रम्पलाई मात्र हैन, अधिकांश अमेरिकीलाई लागेको थियो, बढीमा यो एकरदुई हप्ताको पाहुना हो, त्यसपछि यो गैहाल्छ । तर, उनीहरू सबैलाई जिल्लाराम पार्दै कोरोनाले अमेरिकालाई नै तहस-नहस बनाइदियो । संसारको एकमात्र महाशक्ति राष्ट्र भनिने अमेरिकाका एक लाख ८२ हजार मानिसको मृत्यु हुनु सामान्य कुरा भएन । यसले यतिका मानिसको ज्यान मात्र लिएन, अमेरिकी जीवन नै फेरिदियो । एक किसिमले भन्ने हो भने जीवनको परिभाषा र यसप्रतिको दृष्टिकोण नै बदल्नुपर्ने अवस्थामा धकेलिदियो ।

अमेरिका अन्य राज्यमा धेरै संक्रमण फैलिँदा म आफैं बसेको टेक्सास राज्यमा भने धेरै न्यून संक्रमण थियो । धेरैलाई लागेको थियो, 'अमेरिकाको मधेस' भनिने टेक्सासको गर्मीका कारण कोरोना भाइरस आउँन सक्दैन । तर, त्यसो भएन । हिउँदको बेला हैन, गर्मी लागेकै बेला टेक्सासको सारा गर्मी छल्दै यहाँ दिनदहाडै कोरोना पस्यो । र, हप्तौं भैसक्यो, यहाँ दिनहुँ हजारौंको संख्यामा संक्रमित भैरहेका छन् र सयौंको संख्यामा ज्यान गुमाइरहेका छन् ।

अमेरिकी प्रतिष्ठामा कालो धब्बा बनेको कोरोनालाई निमिट्यान्न पार्न यहाँको संघीय सरकार, राज्य सरकार र स्थानीय सरकार लागेकै छन् । राज्यले गर्न सक्ने धेरै प्रयत्न गरेकै छन् । तर, पनि भाइरसको संक्रमण बढेको बढ्यै छ ।

कोही बिरामी भएमा उपचार गर्न अमेरिका जस्तो सम्पन्न देशमा अस्पतालले सकेजति सेवा सुविधा नदिने कुरै भएन, सबै दिएकै छन् । तर पनि संक्रमण बढेको बढ्यै छ ।

शुरु-शुरुमा केही सय संक्रमित हुँदा म आफू पनि धेरै डराएँ । करिब एक हप्ता त घरबाट बाहिर पनि कमै गएँ । तर, संक्रमित बढिरहेकै बेला परिस्थितिले पनि साथ दिएन र नियमित काममा जुट्नुपर्ने अवस्था सिर्जना भयो ।

दैनिक सयौं मान्छेसँग प्रत्यक्ष भेट्नुपर्ने सानो ब्यवसायमा संलग्न भएकाले पनि सुरू-सुरूमा त मलाई मान्छे आउँदा पनि डर लाग्यो। तर, समय क्रमसँगै त्यो पनि बानी परिसक्यो।

नेपालमा चाडबाडको मौसम छ । सामान्यतया निम्न वर्गीय परिवारमा चाडपर्वका बेला नयाँ लुगा फेर्ने चलन हुन्छ । तर, यसपटक सबैले नयाँ लुगा किन्ने बजेट मास्क किन्नमा खर्च गर्नुपर्ने समय भएको छ

अमेरिकामा संक्रमितको संख्या लाखौँमा उक्लिँदा नेपालमा शुन्य संख्यामा भएको सुन्दा धेरै खुशी लाग्थ्यो । आफूजहाँ रहे पनि आफ्नो जन्मभूमि अनि परिवार र आफन्तको चिन्ता झनै बढी भएर पनि होला, हरेक बिहान नेपालको समाचार हेर्दा आनन्द लाग्थ्यो। अमेरिकी र अन्य देशबाट आएका मानिससँग गर्वका साथ भनिन्थ्यो, 'मेरो देशमा त कोरोना छैन ।' यसोभन्दा उनीहरू छक्क पर्थे । तर, यो यथार्थ थियो ।

दिन बित्दै गए, नेपालमा पनि कोरोना संक्रमित बढ्न थाले । हुँदाहुँदा मृतक नै पनि गन्न सुरू भयो । यहीबीचमा मैले अमेरिकाको अनुभवबाट नेपालमा बेलैमा कडा लकडाउन गर्न माग गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूलाई खुल्लापत्र पनि लेखेको थिएँ । सरकारका मन्त्री, विभिन्न दलका नेता र हरेक क्षेत्रका शीर्ष व्यक्तिसँग प्रत्यक्ष टक शो सञ्चालन गर्दा पनि खबरदारी र अनुभव राखी नै रहेँ तर, मेरो खुल्लापत्र र खबरदारीले खासै रंग ल्याएन । आज नेपाल कोरोना संक्रमणको जुन स्थितिमा पुगेको छ, यो तथ्यले त्यही सत्यको उजागर गर्छ ।

मृतकको संख्या दुई सय नजिक पुगिसक्यो । दिनहुँ मृतकको संख्या बढ्दो छ । संक्रमितको संख्या बढ्दो छ । सरकारको कुरा सुन्दा गर्न बाँकि केही राखेको छैन जस्तो सुनिन्छ । तर, परिणाम हेर्यो भने त्यस्तो देखिँदैन । यसले नेपाली हुनुको नाता स्वभाविकरूपमा चिन्ता बढेको छ ।

चिन्ता संक्रमितको संख्या बढेकोमा त लागेकै छ, त्योभन्दा पनि बढी चिन्ता यो रोगका बारेमा नेपालमा चेतनाको अभाव भएकोमा लागेको छ । हुन त म स्वास्थ्यसम्बन्धी काम गर्ने व्यक्ति होइन, तर त्यही चिन्तालाई सम्बोधन गर्न आफूले अमेरिकामा भोगेको अनुभव बाँड्न यो लेख लेख्दैछु ।

अहिले नेपालमा पनि लगभग अमेरिकाकै जस्तो स्थिति छ । एकाथरि मानिसहरू कोरोना केही हैन, यो हामीलाई लाग्दैन भन्दै हेल्चक्र्याइँ गरिरहेका छन् भने अर्काथरि मानिस निकै डराएका

वांकी ३ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

| दमकल | अस्पताल | प्रहरी |
|---|---|---|
| बिराटनगर बारुणयन्त्र ४२०००० | कोशी अ.अ.इमरजेन्सी ५२४२३४ | पूर्वाञ्चल क्षे.प्र.कार्यालय ०२१-४३५००१ |
| इटहरी बारुणयन्त्र ५८०१०१ | रंगेली अस्पताल ५८००४८ | जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१०० |
| धरान बारुणयन्त्र ५२०१९९ | आँखा अस्पताल ५२३७०६ | नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०, |
| इनरुवा बारुणयन्त्र ५६०१०१ | सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ | इ.प्र.का. रंगेली ८०१००८०१३० |
| दमक बारुणयन्त्र ०२३-५८०१०१ | एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६ | इ.प्र.का. उर्लाबारी ०२१-५४०००२ |
| भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१ | | सिमा प्रहरी चौकी ०२१-४३५८४० |

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

# कोरोनाबाट बच्न साबधानी नअपनाएको भन्दै हटिया बन्द



जहदा । सामाजिक दुरी कायम नगरेको र माक्स पनि नलगाएको भन्दै बाबा शिव मन्दिर व्यवस्थापन समितिले हटिया लगाउन प्रतिवन्ध लगाएको छ ।

प्रदेश नं. १ मोरंग जिल्लाको जहदा गाउँपालिका वडा नं. २ ( हरिनगरा) सिघिया नदीको छेउमा रहेको बाबा शिव मन्दरको परिसरमा दिनहुँ लाग्दै आएको हटियामा कोरोना संक्रमणवाट बच्न कुनै पनि सावधानी नअपनाएको भन्दै हटिया लगाउँन प्रतिवन्ध लगाएको स्थानीय भगलु राजवंशीले वताए ।

कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण नेपालमा चैत ११ गते देखि निरन्तर लकडाउन भएकाले विराटनगर महानगर पालिका भित्र हाट बजार लगाउन प्रतिवन्ध लगाएपछि महानगर पालिका क्षेत्र रानी, झटयाही, फडानी र नेपालको दक्षिण सिमानामा रहेको पोखरिया, कालाबन्जर कुररिया लगायका व्यापारी र उपभोक्तहरुको भिडभाडले स्थानीय त्रसित भएर बाबा शिव मन्दिर व्यवस्थापन समितिको पहलमा सो हटियालाई बन्द गराएको अध्यक्ष राजेश कुमार राजवंशीको भनाई छ ।

हाटबजार व्यवस्थापनमा प्रशासनले पनि चासो नदेखाएको, वडा कार्यालय भिडभाड नियन्त्रण गर्न चासो नदेखाएको र व्यपारी र उपभोक्तले कोरोना संक्रमणवाट बचन कुनै पनि सावधानी नअपनाएको भन्दै दिनहुँ लाग्ने हटिया, भिडभाड, मन्दिर समितिको पहलमा केही साता देखि बन्द भएको छ । हटियामा प्रतिवन्ध लागेपछि स्थानीय बासी खुशी भएका छन् ।

# फरार प्रतिवादी पक्राउ

विराटनगर । हातहतियार, खरजजना तथा लागु औषध मुद्दामा सजाय पाई फरार रहको एक प्रतिवादी लागु औषध सहित पुन : पक्राउ परेको छ ।

भारतमा बसी नेपालका बिभिन्न जिल्लाहरुमा सञ्जाल बिस्तार गरी अपराधीक कार्य गर्ने गिरोहका मुख्य नाईक्ेलाई जिल्ला प्रहरी कार्यालय मोरडले बिराटनगरबाट पक्राउ गरेको छ ।

हातहतियार खरखजना तथा लागुऔषध मुद्धामा फरार प्रतिवादीको सूचीमा रहेका भारतको अररिया जिल्ला ईन्द्रनगर ग्रामपञ्चायत वडा नं. १० को बग्गा भनिने प्रदिप यादवलाई लागुऔषध सहित पक्राउ गरिएको हो ।

यादवको साथबाट प्रहरीले डाइलेक्स डि.सी १५ बोतल, नाईट्रोसन ५० चक्की र नाईट्राभेट ५१ चक्की बरामद भएको छ । २०७५ साल मंसिर ३ गते बिराटनगरको हुलास चोकबाट अटोमेटिक पेस्तोल सहित पक्राउ परेका मन्दिप तामाङ र सुशिल कुमार साहलाई हतियार पठाउने तथा २०७५ मंसिर ८ गते ललितपुरका रुपम राईलाई दिन भनी पठाएको लागुऔषध ब्राउनसुगर, तथा पेस्तोल सहित पक्राउ परेका बिध्यानन्द मण्डल र अनुप गिरीको घटनामा संलग्न रहेको खुल्न आएसंगै सर्वाधीक खोजीको सूचीमा रहेका यादवलाई जिल्ला प्रहरी कार्यालय मोरडबाट खटिएको प्रहरी टोलीले पक्राउ गर्ने सफल भएको हो ।

पक्राउ परेका यादवको सम्बन्धमा अन्य थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

## शिक्षकको...

छन् । कोहीले कोरोना लागेको व्यक्तिको गाउँमै जान नहुने झै गरी जंगली शैलीमा डाक्टर, नर्स, प्रहरी जो ज्यानको बाजी थापेर अरुको सेवा गरेका छन्, उनैलाई नराम्रो व्यवहार गर्ने घृणित काम गरेका छन् ।

मेरो अनुभवले भन्छ, दुबैथरि सही हैनन् । सत्यचाँहि के हो भने कोरोना महामारीचाँहि हो । तर, हरेक व्यक्तिले सावधानीका उपाय अपनाएर यसलाई ख्याल गर्ने हो भने जोगिन र जोगाउन सकिन्छ । मेरो केहि महिनाको कोरोनाका बिचमा काम गर्दाको अनुभवमा लागि निम्नानुसार सुझाव यहाँ प्रस्तुत गर्न चाहन्छु ।

फेस मास्क सही तरिकाले लगाऔं

हुन त नेपालमा धेरै मानिस मास्क लगाएरै हिँडेको देखिन्छ । तर, यसलाई निकै थोरै संख्याले मात्र सही तरिकाले लगाइरहेका छन्। कतिपयले मास्कलाई औषधीका रुपमा लिए जसरी कुनै पनि एउटा मास्क जसरी भए पनि अनुहारमा राखेपछि ढुक्क साथ जन्तर बाँधेजस्तै गरी कोरोना आउँदैन भन्नेजस्तो विश्वास गरेको देखिन्छ । कतिपयले एउटै मास्क धेरैपटक पुन: प्रयोग गरेजस्तो देखिन्छ ।

हुन त बजारमा अझै पनि सहज र सुलभ मूल्यमा मास्क नपाएको हुन सक्छ । तर, मास्क सही तरिकाले सही ठाउँमा लगाइएन भने यसले कुनै काम नै गर्दैन भन्ने कुरा सबैले बुझ्नु र बुझाउनुपर्यो । एक्लै हिँड्दा मास्क लगाउने । तर, चिनेको मान्छे देखियो भने यसलाई त के लागेको होला र भन्दै चिउँडोमा मास्क लगेर गफ दिन थाल्ने गरेको देख्दा मास्ककै बेइज्जत भएको देखियो । कतिपय पत्रकार सम्मेलनका नाममा सयौंको भिड लागेको देख्दा होस् वा अन्तरवार्ता गर्ने नाममा मुख जोडेर बसेको हेर्दा होस् ।

मेरा दुईजना सहकर्मीलाई कोरोना संक्रमण भयो, तर मलाई अहिलेसम्म भएको छैन । उनीहरू दुवैजना मलाई देख्दा मास्क लगाउने र नदेख्दा मास्क खोल्ने गर्थे । लाग्थ्यो, मास्क भनेको मेरोलागि लगाइदिनुपर्ने हो । यही कारण उनीहरू संक्रिमत भए ।

के बुझ्न जरूरी छ भने मास्क भनेको चिनेको या नचिनेको मान्छे देखे लगाउने, तर मान्छे नभएको ठाउँमा खोल्दा पनि हुने हो । यो सत्य जनस्तरमा बुझाउनु अत्यावश्यक छ । पत्रकार सम्मेलन, सभा, जुलुसमा हिँड्दा होस् वा टोल टोलमा हुने जमघटमासमेत मास्क नलगाई भेट हुँदा संक्रमणको ठूलो सम्भावना रहन्छ ।

कपडा पछि फेरौंला, अहिलेलाई मास्क फेरौं

नेपालमा चाडबाडको मौसम छ । सामान्यतया निम्न वर्गीय परिवारमा चाडपर्वका बेला नयाँ लुगा फेर्ने चलन हुन्छ । तर, यसपटक सबैले नयाँ लुगा किन्ने बजेट मास्क किन्नमा खर्च गर्नुपर्ने समय भएको छ । त्यसो गर्न सकियो भने आफू पनि कोरोना संक्रमित हुनबाट बचिन्छ र अरूलाई पनि बचाइन्छ ।

अहिलेलाई ज्यान जोगाऔं, चाड पछि मानौंला

नेपालका चाडपर्व भेटघाट, जमघट र खानपानका लागि नामी छन् । तर, कोरोनाले यी तीनै कुरालाई अनुमति दिँदैन । त्यसैले यसपटक भने सबैले आ-आफ्नै घरमा बसेरै पर्व मनाउनु नै श्रेयस्कर हुने देखिन्छ । माइती हुन् या मावली हुन्, केही हुन्न भन्दै हिँड्ने बेला छैन अहिले । यसो गर्न सकियो भने कोरोना कहर हुनबाट जोगाउन सकिन्छ ।

माया लाग्नेको नजिक होइन, टाढा जाऔं

हामी सामान्यतया माया लाग्ने मान्छेको नजिक जान मन गर्छौं। तर, कोरोनाले त्यसको ठीक विपरीत क्रियाकलाप गर्ने आदेश दिएको छ । अर्थात्, माया गर्ने मान्छेको नजिक होइन, ऊबाट टाढा जानुपर्ने भएको छ । यसो गर्न सकियो भने कोरोना संक्रमणबाट आफू पनि बच्न सकिन्छ र आफ्ना प्रियजनलाई पनि जोगाउन सकिन्छ।

पाहुना आउन-जान बन्द गरौं

नेपालमा चाडपर्व लगातार आइहेका छन् । चाडपर्वमा पाहुना आउने जाने क्रम पनि चल्छ । तर, कोरोनाले पाहुना आउन र जान नहुने समय ल्याइदिएको छ । अर्थात् समयक्रमले अतिथि देवो भव: नभन्नुपर्ने दिन आएको छ ।

लाइन बस्ने बानी शुरु गरौं

नेपालमा सामान्यतया पसलमा वा कुनै पनि कार्यालयमा जाँदा लाइन बस्ने बानी नै छैन । हुल गर्ने, अनेक तरिका लगाएर आफ्नो काम फत्ते गर्ने, पालो मिच्ने त हाम्रो संस्कारमै छ । तर, कोरोनाले त्यसो नगरेर सबैलाई कम्तिमा ६ फुटको दुरीमा लाइन बस्नुपर्ने सन्देश दिएको छ । यहीबेला त्यसो गर्न सकियो भने कोरोनाबाट पनि बच्न सकिन्छ, लाइनमा बस्ने सुसंस्कृत बानीको विकास गर्न पनि सकिन्छ । सकेसम्म कार्यलयले र पसलले नै ६ फिटको दुरीमा संकेत लगाउनु पर्ने हो होइन भने आफै भए पनि टाढा बसौं ।

अस्पतालभन्दा पनि घरमै उपचार खोजौं

यदि आफू वा आफन्त कसैलाई कोरोना संक्रमण भइहालेमा कोरोनाको सघन संक्रमण भए मात्र अस्पतालमा बस्ने नत्र चिकित्सकसँगको परामर्शमा घरमै सावधानीपूर्वक एकान्तबासमा बस्ने गर्नु श्रेयस्कर हुन्छ । यसो गरियो भने अस्पतालमा अनावश्यक भीड पनि हुँदैन, गम्भीर रोगीले सही उपचार पाउँछन् भने सामान्य अवस्थाका बिरामीले घरमै बसी-बसी नेपाली शैलीको उपचार विधिको खाना खाएर बस्दा स्वास्थ्यलाभ गर्न सक्छन् ।

आफू र आफ्ना प्रियजनको माया गरौं

कोरोनाबाट बच्ने एउटै मूलमन्त्र आफू र आफ्ना प्रियजनको माया गर्नु हो। सबैले इमान्दारीपूर्वक यति मात्र गर्ने हो कोरोनाबाट बच्न सावधानी अपनाउनुपर्ने हुन्छ । त्यसो गरेपछि सबै आफू र आफ्ना प्रियजन संक्रमणबाट बच्नेछन् । यो भनेको समग्रतामा सबै बच्नु हो, जोगिनु हो ।

अधिकार मात्र कर्तव्य पनि निर्वाह गरौं

लोकतन्त्रले हामी सबैलाई अधिकारको कुरा त सिकायो । तर, त्यसको अर्को पाटो कर्तव्य पनि हो भन्ने चाँहि सिकाउन बाँकी नै छ जस्तो देखिएको छ । कोरोनामाथि विजय हासिल गर्ने हो भने हामी सबैले आ-आफ्नो कर्तव्य सम्झन पनि जरूरी छ । एकले अर्कातिर चोरऔंला ठड्याएर मात्र समस्याको समाधान हुँदैन । सबैले साझा दायित्व सम्झेर काम गर्ने बेला हो यो ।

सरकारले ठूला कुरा हैन, साना काम गरौं

पछिल्लो समय नेपालमा शक्तिशाली सरकार छ । सरकारबाट जनताका धेरै आशा छन् । तर, योबेला सरकारले ठूला भन्दा पनि साना-साना कुरामा ध्यान दिएर जनतालाई चेतना र भरोसा दिने काम गर्नुपर्ने बेला आएको छ ।

सरकार ठूला कुरा हैन, साना तर प्रत्यक्ष प्रभाव पार्ने काम गर्ने दिशामा लाग्नुपर्छ । सबै तहका सरकार र आम मानिसलाई एकसाथ कोरोनाविरूद्धको लडाइँमा लिएर हिँड्नसक्ने नेतृत्व देखाउनुपर्छ । कमी कमजोरी भएका भए सच्याउन पनि पछि पर्नु हुँदैन ।

नेपालमा अहिले डाक्टर, नर्स, प्रहरी जस्ता अग्रपंक्तिमा लाग्ने र उनको परिवारलाई नै समाजले फरक दृष्टिले हेर्न बस्न आउन जान समस्या हुने डर भएको छ भने उनीहरु नै धेरै संख्यामा संक्रमित भए भने कसले जोगाउने भन्ने डर भएको छ । उनीहरुलाई काम गर्ने स्थानमा पर्याप्त पीपीई, यातायातको व्यवस्था र भत्ता पनि दिन ढिला गर्नुभएन ।

त्यस्तै अर्कोतर्फ विभिन्न कम्पनीहरु, तारे होटलजस्ता धेरै पैसा कमाइदिने ठाउँमा काम गरेका, प्राइभेट क्याम्पस र स्कुलमा पढाएर लाखौ कमाइदिने मजदुर र शिक्षक कर्मचारीलाई सञ्चालकहरुबाट आधा भए पनि तलब दिने व्यवस्था गरेर केही समय मानसिक राहत दिएर घरमै राख्नुपर्ने बेला हो यो ।

राज्यले चेतना, सुरक्षा र राहतमा विशेष ध्यान दिने बेला आएको छ । रोग लागिहाल्दा के गर्ने र कुन अवस्थामा अस्पताल जाने भनेर निकै राम्रोसँग विज्ञहरु परिचालन गरेर सरकारले चेतना दिनुपर्ने समय हो यो । अब लकडाउन र कर्फ्यु मात्र भन्दा पनि चेतना र होसियारीका साथ कोरोनासँग जनतालाई जोगिने उपाय सिकाएर अगाडि बढ्ने बेला आएको छ ।

अन्तमा, प्रिय पाठकहरु,

कोरोना लाग्नु पाप होइन । लागेकोलाई हेला होइन, हौसला दिउँ । धेरैलाई निको हुन्छ र निकै थोरैलाई मात्र निको हुन नसकेको रोग हो यो । कसैलाई लाग्यो भने उसको दोष होइन, हौसलाले जोगाउन सहयोगी बनौं । यहाँ अमेरिकामा रहेका धेरै नेपालीले पनि नेपालमा पाइने घरायसी औषधी सेवन गरेर यो रोगलाई जितेका प्रशस्त उदाहरणहरु छन् । कोरोनाबाट जोगाउन रात दिने खट्ने स्वास्थ्यकर्मी, प्रहरी लगायतलाई सहयोग र सम्मान गरौं । मानव जाति नै संकटमा परेका बेला सबै नेपाली मिलेर होसायरीपूर्वक आफू पनि बचौं अनि अरुलाई पनि बचाऔं । अब संसारभरका मानिसले होसीयारीपूर्वक अगाडि नबढेसम्म कोरोनालाई परास्त गर्न कठिन हुनेछ । (पत्रकार थापा अमेरिकामा रहेर नेपाली टेलिभिजन कार्यक्रम यु स्टाट अगेन सञ्चालन गर्दछन् ।) अनलाइन खबरबाट

# मिचैंयाको संन्तोष होटल एण्ड लज बाहिर लकडाउन भित्र अबैद्ध धन्धा

मिचैंया, भाद्र ८ गते । सिरहाको मिचैंया बजारमा रहेको साह एण्ड लजमा अबैद्ध धन्धा गरी रहेको दुई महिला र दुई पुरुषलाई रंगेहात प्रहरीले पक्राउ गरेको छ ।

मन्होर गाउँको दुई महिला र सोही ठाउँको नौषद र मोमताजले खुलेआम गाउँका युवाहरुलाई धम्की दिएका थिए कि म यो महिला संग बस्तु ताकत छ भने पक्रेर देखाउ भनेर गाउँवाट भागेका थिए ।

ती गाउँले यूवाहरुले सुराकीको सूचनाको आधारमा ती चारै जनालाई संतोष होटल एण्ड लजबाट रंगेहात समाती शसस्त्र प्रहरीको जिम्मा लगाएका छौ ।

खाना खाने बहानमा होटल पसेका तीनै जान होटल रंगेहात पक्राउ परेका थिए । सो होटलमा अबैद्ध धन्धा बराबर हुंदै गरेका स्थानीयहरुले वताए ।


बेटा बेटी दोनो बराबर है । तै स बेटा बेटीमे भेदभाव नै कैरके दोके स्कुल भेजु ।



**कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना**

१. कसरी सर्छ कोरोना भाइरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ,

3. यसबाट बच्न के-के गर्ने ?
क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**धनपालथान गाउंपालिका, कर्सिया, मोरंग, प्रदेश नं. १**




**सूचना सूचना सूचना**

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १

# हाय ! नातावाद



मनिषा आचार्य

नातावाद,कृपावाद, परिवारवाद, हजुरियावाद जस्ता केही वादहरुले समाजमा यति नकारात्मक ढंगबाट जरा गाडेर बसेको छ कि जसको जरा हत्तपत्त कुनैपनि शक्तिशाली यन्त्रले भत्काउन सक्दैन । कुरा ठ्याक्कै एक वर्ष अगाडिको हो, एउटा मन्त्रालयको निर्देशन र रोहबरमा रहनेगरि जिल्लामा एउटा रोजगारमुलक कार्यक्रम आएको रहेछ । उक्त कार्यक्रमको सहजीकरण अर्थात कार्यसम्पादन गर्ने जिम्मा एउटा एनजिओले पायो उक्त एनजिओले कार्यक्रम पाउनासाथ काम गर्ने कर्मचारीको दरखास्त आव्हान गरेको कुरा रेडियोमार्फत मैले सुनेर आफू प्रष्ट हुनका लागि उक्त सस्थामा टेलिफोन सम्पर्क गरे संस्थामा कलपश्चात् उक्त सस्थामा रहेर काम गर्नका निम्ति चाहिने न्युनतम रिक्वायरमेन्ट्सहरु, त्यहाँ रहेर गर्नुपर्ने कामको प्रकृति र सेवासुबिधाका कुराहरु बुझेर आफूसँगको नियमित भेटघाटमा जागिरको निम्ति कुनै भ्याकेन्सिहरुको जानकारी भएमा खबर गर्न र आफू केही काममा इङ्गेज हुँदै आफ्नो खर्च आफै व्यवस्थापन गर्न चाहेको र आफ्नो परिवारको आर्थिक हैसियत मजबुत नभएको बताउने साथीहरु जो उक्त प्रोजेक्टमा रहेर काम गर्नका लागि योग्य हुनुहुन्थ्यो, वहाँहरु मेरो मानसपटलमा आइहाल्नुभयो, हतपत्त वहाँहरुलाई पालैपालो फोन लगाएर जागिरको निम्ति आवेदन खुलेको र आफुहरुले समयमै पनि उक्त आबेदन फारम भरी सम्बन्धित संस्थामा बुझाउन भने, प्रोजेक्टमा जम्मा आठ जना कर्मचारीको माग भएकोमा २३ वटा आबेदन परेछन् ।

आवेदन फारम भरेको ७ दिनपछि आबेदकहरुको सर्ट लिस्टिङ भएछ । सर्ट लिस्टिङमा १५ जनाको नाम आएछ, दिनको २ बज्नै लागेको थियो, म आफ्नै काममा ब्यस्त थिए । उत्तिकैमा साथीको फोन आयो, आफ्नो सर्ट लिस्टिङमा नाम आएको भन्दै खुसीले गद्गगदिएको आवाजलाई मैले ठम्याउन सक्थे । लिखित र मौखिक परीक्षामा सफलता मिलोस् भन्ने शुभकामना दिएर हामी फोनबाट अलग भयौ । त्यसको एक हप्तापछि लिखित परिक्षा भएछ, त्यहाँ नि साथीको नाम निस्केछ । पुनः तीन दिनपछि मौखिक अन्तरवार्ताको लागि एप्रोपिएट भएका साथीहरुलाई आव्हान भएछ । अन्तर्वार्ता सकिएको करिब आधा घन्टा नबित्दै फेरि साथीको फोन आयो, उनको स्वर कापिरहेको, बिछिट्टै बिरक्तिएको जस्तो सुनिन्थ्यो । उनी भन्दैथिए - सबै कुरा सेटिङमा हुँदो रहेछ, बेकारमा दुःख पाइयो, यस्तो हुन्छ भनेर थाहा भएको भए आवेदन फारम नै भर्ने थिइँन ।

जसले यति बिरक्तिएर फोन गर्यो, उनी पढाइमा पनि उत्तिकै अब्बल, कम्युटरमा पनि राम्रो दखखल राख्थे, ब्यवस्थापन संकायमा स्नातक पहिलो श्रेणीमा उत्तीर्ण थिए । उनी उभन्दा पढाइमा पनि कमजोर साथीहरुको फुत्तै नाम निस्किएको सूचना पढेर केही जान्न मन लाग्यो । त्यहि संस्थामा कर्मचारीको रुपमा मेरै एकजना अत्यन्तै हितैषी साथी काम गर्थिन् । मैले उनलाई चिया पिउन निम्तो दिए, अफिस टाइम सकेर हाम्रो भेटघाट भयो । मैले सोधे 'त्यहाँ कर्मचारी छनोट प्रक्रिया र केलाई प्रायोरिटी दिएर अन्तिम नतिजा प्रकाशन गरियो ?' उनले उनले भन्दै गइन्- 'फर्मालिटी पूरा गर्नकै निम्ति मात्र प्राइभेट संस्थाहरुमा प्रायः भ्याकेन्सी अनाउन्समेन्ट गरिन्छ, आबेदन परेका फारमहरु हामीले हेर्न पनि पाएनौं सर्टलिस्टिङ ,लिखित परिक्षाको तयारी नतिजा प्रकाशन ,मौखिक परीक्षा र अन्तिम नतिजा प्रकाशन एनजिओका अध्यक्ष र उनका नजिक भन्ठानेकाहरुले गरे, मलाई बारम्बार अफिसमा फोन आउथ्यो फलाना पार्टीको फलाना जिम्मेवारी भएको ब्यक्ति फलाना संघको अध्यक्ष, फलाना कम्पनीको मेनेजर, म फलाना व्यवसायको मालिक मेरो फलाना नाम गरेको आबेदकको जसरी नाम निकाल्दिनुस है, म तपाईलाई मेरो तर्फबाट हेर्छु भन्थे । जेनुयन्लि जो उक्त प्रोजेक्टको लागि योग्य थियो, उनीहरु फालिए र जसले पहुँच ,पैसा र शक्तिको आडमा भनसुन गरे उनीहरुको नाम निस्कियो ।

केही दिनपछि त्यो प्रोजेक्टमा काम गर्नका निम्ति छनोट भएका भाईसँग अचानक भेट भयो । भेट भएपछि बधाई त दिनैपर्यो । उनले बडो सानसँग ह्या दिज्यू, आफ्ना मान्छे ठाउँमा भएपछि जागिर खान न हामीलाई कलेजको पर्सेन्टेजले रोक्यो न प्राबिधिक दक्षताले नै । अहंकारको यस्तो तुच्छ र लाजमर्दो हर्कत देखेर शब्दद्वारा २-४ थप्पड लगाइदिन मन थियो । तर, मैले आफूलाई कन्ट्रोल गर्दै पुनः शुभकामना दिएर आफ्नो बाटो लागे । पछि उक्त प्रोजेक्टमा समयमै काम सम्पन्न भए नभएको जान्न मन भएर साथीलाई फोन लगाए उनले भनिन् । आठ महिनामा सम्पन्न गरिसक्नुपर्ने काम ३० प्रतिशत मात्र भयो । त्यसपछि यताउता काम भएको डकुमेन्ट मिलाएर फाइलहरु सम्बन्धित निकायमा पेश गरियो अन्ततः त्यो प्रोजेक्ट नै सकियो ।

यो त एउटा प्रतिनिधि घटना मात्र हो, यस्ता घटना हामीमाझ लाखौं छन् । ग्रामीण स्तरमा सामान्य एउटा क्लब फर्मेसन गर्नदेखि लिएर ठूला साना सबै प्रकारका सरकारी तथा गैरसरकारी हरेक निकायहरु र क्षेत्रमा यहि फर्मुला लागु हुन्छ । एउटा क्षमतावान्, कुशल र योग्यता पुगेका काम गर्नसक्ने ल्याकत भएका मानिसहरु पहुँच नभएकै कारण आफ्नो पर्फमेन्स देखाउन पाउदैनन् । तर, जोसँग काम गर्ने न कुनै भिजन छ न कुनै मिसन, त्यस्ता मान्छेहरुको हालिमुहाली र रबैया चौतर्फी देखिन्छ । भर्खरै मात्र लोकसेवा जस्तो निष्पक्ष र स्वच्छ छबि भएको संस्थामा उपसचिव पदको परिक्षाको प्रश्नपत्र अगाडि नै बाहिरिएको भन्ने समाचार, आफ्नै बाबुले छोरीको परिक्षा लेखिदिएको भन्ने समाचारहरु आइरहँदा जो दिनरात दुःख गरेर ५ वर्ष, ६ वर्ष लगाएर लोकसेवाको तयारी गर्छ, उनीहरु हतोत्साहित मात्र होइन, उनीहरुको आत्मसम्मानमा आघात पुग्छ ।

नेपाली जनतामा बिद्रोही स्वाभावको आजीवन प्रतिपक्षी चेतना, स्थायी प्रतिपक्षी चेतना पनि कहिकतै शासकहरु नातावाद र कृपावादको उपज हो भन्दा फरक नपर्ला । किनकी पहुँचको लाभ लिने परिपाटीका कारण यहाँ जो मान्छे जस्तोसुकै काम गर्न पनि नडराउने भएका छन् । राजनीतिक बचावटका कारण निर्दोष भुमरिमा फसिरहेको र दोषीले उन्मुक्ति पाएको घटना हजारौं हजारको सङ्ख्यामा छन् । रवाफ, धाक ,कुल खानदान, माथिल्लो राजनीतिक पहुँच र पदीय हैसियत भजाउनेहरु राम्रोसँग सेटल्ड भएका छन् । नेपालका जंगबहादुर र जर्मनीका हिटलर त कानुनसँग थर्कमान हुन्थे । तर, आज नेपालका जंगबहादुरहरु बिनासङ्कोच बिनाडर कानूनको रातारात व्यापार गरिदिन्छन् र निर्दोषलाई खाल्डामा हाल्छन् ।

हामीले हरेक क्षेत्र निष्पक्ष हुनुपर्छ बौद्धिकता, क्षमता, कामको अनुभव र दक्षताको मापदण्डलाई आधारमा राखेर हरेक क्षेत्रमा कर्मचारी छनोट गर्नुपर्छ भन्दै भाषणमा ठुला-ठुला आदर्शका गफ छाट्दै गर्दा र आफू उक्त ओहोदामा रहँदा माथि उल्लेखित कुराहरुलाई ब्यवहारतः कति कार्यान्वयन गर्यौ ? आफ्नो र अर्काको नभनी राम्रो ब्यक्तिलाई काम गर्न अवसर प्रदान गर्दै राम्रो कार्यसम्पादन गर्न कति प्रोत्साहन गर्यौ ? समाजमा ब्याप्त सत्ता सञ्चालकको कुनै मानक संस्कृतिको स्थापित गर्न आफ्नो ठाउँबाट कति पहल गर्यौ ? नेपालको सन्दर्भमा अधिकांस सार्वजनिक महत्त्व र सरोकारका निर्णयहरु चाकडी, चाप्लुसी, नातावाद, कृपावाद, समान पार्टी, संगठन, गुटबन्दी र कमिसनको आधारमा किन भइरहन्छन् ? यो बारेमा कहिले अध्ययन गरेर समाधानका पाटाहरु सोच्यौं ?

भुषको थुप्रोमा हराएको पिन भेटाउन सकिएला । तर, अहिले पदको लोभमा चाकडी नगर्ने मान्छे भेट्टाउन मुस्किल छ । नेताको भाषण चाहिँ देश र जनताका लागि हुन्छ । तर, आफ्नो कार्यकाल सुरु भएको हप्तादिन नबित्दै पहिलो चरणको कार्यक्रम आफन्तलाई जागिर खुवाउने हुन्छ । आफ्नो सचिवालयमा कहिले कुनै नेताले बिषय बिज्ञ, सल्लाहकार वा पर्सनल सेक्रेटरी राख्न खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति गरेको कतै सुन्नुभाछ ?? अधिकांस सार्वजनिक पदको नियुक्ति विशेषज्ञता, वरिष्ठता, अनुभव र योग्यताको आधारमा किन हुदैन ? सत्तामा पुगिसकेपछि प्रशासनिक सुधारमा निश्पक्षता र राजनीतिक आग्रह पुर्वाग्रहको ग्रहणमा किन लालयित बन्यौ हामी ? हामी आफ्नै क्षमता र योग्यताको दुरुपयोगमा किन मौन छौ ? यस्ता गलत पक्षहरुको खुलेर वकालत गर्ने जिम्मा अब हाम्रो पुस्ताले लिनुपर्छ ।

नातावाद र कृपावादले निम्त्याएको एउटा गतिलो घटना हेरौ न । राजतन्त्रको पतन ,आफ्नै बंशावलीभन्दा अर्को कुनै अब्बल नदेख्ने रुलिङ, शासन प्रणालीमा नैतिक, सदाचार र इमानदारिताले मात्र पारदर्शिता र सुशासनको सुनिश्चितता गर्नसक्छ । जनता र समाजको चेतना तथा जागरुकताको स्तर जतिजती बढ्दै जान्छ, त्यति नै पारदशीताको अवलम्बनमा दवाब दिनु आजको आवश्यकता हो । जनदिशा अनुरुपको शासन ब्यवस्था भएन भने त्यो शासन ब्यवस्थाको बिकल्पमा जनताको मनोबिज्ञान उत्रन थाल्छ र अन्ततः शासन ब्यवस्था नै धरापमा परेको विश्वको इतिहास छ । नेपालको सन्दर्भमा शासन ब्यवस्था 'नयाँ बोतल पुरानै रक्सी' जस्तो भएको देखिन्छ । यहाँका हरेक ठाउँमा प्रतिनिधित्व गर्ने प्रतिनिधिहरुको शासकीय शैलीमा कताकता राजतन्त्रकै गन्ध आउने नगरेको पनि होइन ।

सधै नातावादको लठ्ठीलाई टेकेर कुनैपनि स्थान वा क्षेत्रको सत्ता आफ्नो निम्ति प्राप्तिको ढोकासम्म पुर्याउनु मात्र अबको हाम्रो उद्देश्य भयो भने हामी गन्तव्यसम्म पुग्न सक्दैनौं । आजका हरेक मानिसहरू कृपावाद, नातावाद र परिवारवादको आडमा पाएको नोकरीलाई बरदान सम्झिने परिपाटीको अन्त्य हुनुपर्छ । कमिसनमा कमाउने र चाकडीमा रमाउने संस्कारलाई यति बिध्न मौलाउनु दिनु र त्यसमा आफू स्वयम् संलग्न हुने लोकप्रियता भबिष्यको निम्ति घातक नबल्ला भन्न सकिन्न । नातावाद, कृपावाद ,बहिष्करण,,सिन्डिकेट, अपमान र भेदभावजस्ता कुराले मानिसको आत्मसम्मानमा मनोबलमा चोट पुर्याउछ, यसरी कसैलाई कसैको आडमा उच्च ओहोदामा पुर्याउने र आम जनताको भबिस्यमाथि खेलबाड गर्ने काम कसैबाट नगरियोस् र नगराइयोस् ।

एक समयमा समकालीन दक्षिण एसियामा भएको ब्यवस्थालाई बुझ्दै राजनीलाई बुझ्ने क्रममा कम्युनिस्ट नेता मदन भन्डारीले भनेका थिए- 'यदि जनताको जीवनस्तरमा आधारभुत परिवर्तन आउन सक्दैन भने राजतन्त्र रहनु र नरहनुको कुनै तात्विक अर्थ रहन्न ।' यो भनाइले नातावाद र कृपावादको माध्यमबाट जेजस्ता खालला नतिजाहरु आउछन्, ती सबैले निम्त्याउने अन्तिम परिणामलाई प्रतिनिधित्व गर्छ जस्तो लाग्छ । अब सबैले आ-आफ्नो ठाउँबाट बिगतका कमि कमजोरीलाई सच्याउदै पारदर्शी ढंगबाट अगाडि बढ्दै हामीसँग भएका अथाहा सम्भावनाहरुलाई प्रस्फुटित गर्नुपर्छ । अब यी सबैखालका कुरिती हटाउन सबैको साझा ऐक्यबद्धता र एक्सन जरुरी छ । हाम्रोमत डटकमबाट ।

छोरा छोरी दुवैलाई विद्यालय पठाऔं ।

## स्वास्थ्य

# धेरै सुत्नुका यस्ता छन् बेफाईदा

धेरैको भागदौडको जिन्दगी कोरोनाका कारण विश्राममा छ । पछिल्लो ६ महिनादेखि धेरै जना घरभित्रै कैद हुन बाध्य छन् । यस समयमा गृहिणीहरूको काम निश्चित रूपले बढेको छ भने घरका अरू सदस्यहरूको फुर्सद बढेको छ । घरमा दिनभरि बच्चा र परिवारका सदस्यको हेरचाह, बच्चाको पालनपोषण आदिमा ध्यान दिँदा धेरै समय खर्च हुन्छ । यस्तो अवस्थामा गृहिणीहरूलाई पर्याप्त आरामको आवश्यकता हुन्छ ।

अर्कोतर्फ कार्यालय र शिक्षण संस्था बन्द हुँदा धेरैको काम घरमा बस्ने मात्रै भएको छ । विशेषगरी घरका पुरुष मान्छे, बच्चा र अविवाहित महिलाहरूको तुलनामा विवाहित महिलाहरू घरमा धेरै काम गर्ने गर्छन् । धेरै बच्चा होस् या ठूला मान्छेको दैनिकी पनि दिनभरि घरमा सुतेर नै बित्ने गरेको छ । तर धेरै सुत्नु पनि स्वास्थ्यको लागि हानिकारक हुने जानकारहरू बताउँछन् । शरीरको लागि आराम कति चाहिन्छ ? यो नबुझ्दा विभिन्न स्वास्थ्य समस्याले सताउने चिकित्सकहरू बताउँछन् ।

अहिले धेरैलाई कार्यालय जाने समयको चिन्ता छैन, व्यापार व्यवसाय गर्नेलाई छिटो उठेर जानुपर्ने हतारो छैन । जसले गर्दा बिहानै उठ्नु पर्ने दबाबबाट धेरै मुक्त छन् । दिउँसो पनि निद्रा लाग्यो भने सुत्नको लागि कुनै समस्या छैन ।

कोरोनाका कारण मान्छे धेरै खाने र धेरै सुत्ने भएका छन् भन्दा गलत नहोला । धेरै खाने र सुत्ने गर्नु नै विभिन्न स्वास्थ्य समस्याको कारण बनेको छ ।



स्वस्थ रहन पर्याप्त निद्रा

स्वस्थ रहनका लागि पर्याप्त मात्रामा निद्रा आवश्यक हुन्छ । थोरै सुत्नेलाई पनि अर्को खाले स्वास्थ्य समस्याले सताउने गर्छ र अधिक निद्राले पनि स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्छ ।

अत्यधिक निद्राले थुप्रै रोगहरू निम्त्याउन सक्छ । जबकि कम निदाउनु स्वास्थ्यका लागि राम्रो होइन र बढी निदाउनु पनि फाइदाजनक छैन । निद्रा नलाग्ने रोगलाई इनसोमनिया भनिन्छ भने धेरै निद्रा लाग्ने रोगलाई हाइपर सोमनिया भन्ने गरिन्छ ।

बढी निन्द्राको पहिलो प्रभाव हाम्रो पेटमा पर्छ । लामो समयसम्म सुत्दा, हाम्रो आन्द्रामा संकलन गरिएको फोहोर पानी अवशोसित हुँदा कब्जियतको समस्या हुन सक्छ । ढिलोसम्म सुत्दा र बिहान चाँडै उठ्दाको बीचमा हामीले आफ्नो शरीरमा देख्न सक्ने भिन्नताले पनि यसलाई पुष्टि गर्छ ।

कोरोनाका कारण चलिरहेको निषेधाज्ञाको समयमा धेरै सुत्ने मान्छेमा यस्ता समस्या सिर्जना हुन सक्ने चिकित्सिकहरू बताउँछन् । यसको असर स्वरूप शरीरको दुखाइ, टाउको दुख्ने, अपच, जलन, थकान महसुस हुने जस्ता समस्याहरू देखिने गर्छ । लकडाउनको समयमा धेरैले जति सुत्दा पनि थकानको महसुस भएको गुनासो गर्ने गर्छन् । वास्तवमा अधिक सुत्नु नै माथि उल्लेखित समस्याको कारण रहेको चिकित्सकहरू बताउँछन् ।

मोटोपन बढ्छ

बढी निद्राका कारण मोटोपनको समस्या पनि बढ्ने गर्छ । धेरै सुत्दा महिलामा पुरुषहरूको भन्दा छिटो मोटोपन बढ्छ । विशेषगरी उनीहरूको कम्मर र फिलामा भएको बोसो चाँडै जम्मा हुन्छ र यी अंगहरू भारी हुन थाल्छन् । अत्यधिक निद्राका कारण टाउको दुख्ने समस्या पनि बढी हुन सक्छ । अत्यधिक निद्राका कारण, शरीरमा सेरोटोनिनको स्तर बढ्न सक्छ ।

जसको कारणले टाउको दुख्ने समस्या आउँछ । लामो समयको निद्राका कारणले कमर दुख्ने समस्या सिर्जना हुन्छ । अत्यधिक निद्राले रगत प्रवाहमा पनि असर गर्छ ।

धेरै निन्द्राको परिणाम डिप्रेसन पनि हुन सक्छ । अत्यधिक निद्राले डोपानाइन र सेरोटोनिन हर्मोनको स्तर कम हुन्छ । जसले डिप्रेसन निम्त्याउन सक्छ । धेरै निदाउँदा मेमोरीलाई असर गर्छ । यसले हाम्रो मेमोरीलाई कमजोर पार्छ ।

अधिक निन्द्रा स्वास्थ्यका लागि हानिकारक मात्र होइन, घातक पनि हुन सक्छ । किनकि बढी निदाउँदा हृदयघातको जोखिम बढ्छ । ९ घण्टा या सोभन्दा बढी सुत्दा हृदय स्ट्रोकको जोखिम २३ प्रतिशतले बढ्ने बताइएको छ । एक अध्ययनअनुसार, हरेक रात ९ घण्टा वा सोभन्दा बढी सुत्ने मानिसहरूलाई ७ घण्टाभन्दा कम निदाउनेको तुलनामा मुटुको स्ट्रोकको सम्भावना २३ प्रतिशतले बढी हुन्छ ।

# हुण्डी कारोबारमा संलग्न एक युवा २८ लाख सहित पक्राउ

विराटनगर । प्रदेश नं. २ को रौतहट जिल्ला हुण्डी कोरोबारमा संलग्न एक युवालाई २८ लाख ५० हजार सहित शसस्त्र प्रहरीले पक्राउ गरेको छ ।

नेपालमा लामो समय सम्म निषेधाज्ञा, लकडाउन जारी भए संगै भारतबाट नेपालमा हुण्डी कारोबारले तीव्रता पाएको छ ।

शसस्त्र प्रहरीले रौतहटको ईशनाथ नगरपालिका वडा नंबर ९ लवतना टोलमा चेकजाँच गर्ने क्रममा उक्त रकम सहित एक हुण्डी कारोबारमा संलग्न पक्राउ परेका हुन् । पक्राउ पर्नेमा राजपुर नगरपालिका वडा नंबर ९ बैरिया टोलका दिलिप साह पक्राउ परेका छन् ।



सो रकम आफू सवार मोटरसाइकल तथा आफ्नो शरिरमा लुकाई छिपाई ल्याई रहेको अवस्था पक्राउ परेको शस्त्र प्रहरी उपरीक्षक सुर्य बहादुर सेन ओलीले जनाएको जनाकारी दिए ।

शस्त्र प्रहरी बल ११ नंबर गनबाट प्रहरी उपरीक्षक ओलीको कमाण्ड खटि गएकाका अनुगमन टोलीले चेकजाँच गर्ने क्रममा पक्राउ परेको साह संग १ हजारको नोट १५ लाख ९९ हजार , ५ सय नोट १२ लाख ५२ हजार ५ सय, १ सयको नोट ४ सय, २० को नोट ४० रुपैयाँ र १० को नोटे २० रुपैयाँ सहित पक्राउ परेको छ ।

साथै साह सवार बी.आर ३० एन ९५८० एफ् नंबरको भारतीय हिरो मोटरसाइकल पक्राउ परेको साहलाई अवश्यक कार्वाहीका लागि गौर भन्सार पठाएको शस्त्र प्रहरी उपरीक्षक ओलीले वताए ।

# प्रहरीले चलाएको गोली लागेर एक सर्वसाधारणको मृत्यु

विराटनगर । प्रहरीले चलाएको गोली लागेर एक जना सर्वसधारणको मृत्यु भएको छ ।

घटनाको विवरण अनुसार झापा जिल्लाको झापा गाउँपालका वडा नं. कामाटोलमा बुधवार प्रहरीले गोरु काटेका आरोपमा पक्राउ गर्न पुगेको प्रहरी र स्थानीबीच झडप हुँदा प्रहरीले चलाएको गोली लागेर ३८ वर्षिय रमिफुन आलमको मृत्यु भएको छ ।

गोली लागेर गम्भीर घाइते भएका आलमको विर्तामोडस्थित बिएमसी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । गोरु काटेको खबर पाएपछि प्रहरीको टोली कामाटोली बजार पुगेर घटनास्थलबाट दुई जनालाई पक्राउ गरी गोरुको टाउको र खुट्टा बरामद गरी फर्कने क्रममा स्थानीयबासीले आक्रमण गरेका थिए ।

स्थानीयले आक्रमण गरेपछि प्रहरीले फाइरिङ गरेको हो । घटनामा सशस्त्र प्रहरीका एक जवान पनि घाइते भएको सोही गाउँपालिका स्थित रहेका विओपीका इन्सपेक्टर सचन श्रेष्ठले वताए ।

# 'चुरे दोहन रोक्न' अहिलेको आवश्यकता

**डा.राजश अहिराज**

नदी अतिक्रमण, जंगल फडानी, चुरे विनाश, गलत ठाउँमा तटबन्ध निर्माण जस्ता कामले मधेशमा बाढीलाई वर्षेनी उग्र बनाउँदै लगेको छ । बाढीको वेगलाई कसरी धिमा बनाउने, कस्ता छेकबार लगाउने ? चासो-चिन्ता यसमा केन्द्रित हुनुपर्छ । तर प्रदेश २ सरकारले अहिलेसम्म यस विषयमा चिन्तन गरेको छैन । यसर्थ : थानीय सरकार हरूले पनि बाढी प्रतिरोधात्मक दिगो शक्ति आर्जनलाई आ-आफ्ना कार्यसूची बनाउन सकेको छैन ।

मधेशका प्रत्येक जिल्लाहरूमा प्राकृतिक प्रकोप व्यवस्थापन समिति छ, तर त्यहाँ आवश्यक तयारी र समन्वय छैन । अब तीन तहको सरकारको परिकल्पना कार्यान्वयन को चरणमा बाढीलगायतका विपत्बारे सबै तहले कार्यभार लिनु परेको छ ।

बाढीको बिगारमा स्वयम् बाढीपीडित पनि जिम्मेवार छन् । नदीको बहाव क्षेत्रमा बसोबास गर्ने, बस्तीको लागि अनुपयुक्त क्षेत्रमा प्लटिङ्ग गरिएका जग्गा किनेर घर ठड्याउने, नदी, पोखरी, इनार मास्ने जस्ता कारणले पनि बाढीको जोखिम बढाएको छ । अब त्यस्ता जोखिम क्षेत्र पहिचान गरेर बस्तीको लागि निषेध गरिनुपर्छ । चुरे विनाशले बाढीलाई विनाशकारी बनाएकोमा शंका छैन । अब चुरेदेखि दशगजासम्मका बासिन्दा चुरे संरक्षणमा जुट्नुपर्छ स्थानीय सरकारहरूले ठेकेदार, कर्मचारीतन्त्र र राजनीतिकर्मीबीचको भ्रष्टाचारी सिन्डिकेट सिध्याउन आफ्ना मतदाताहरूको सहयोग लिनु पर्छ ।

बाढीसँग जोरी खोज्न सकिदैन, त्यसलाई चिनेर त्यसैसँग बाँच्न सिक्नुपर्छ । बाढीलाई विनाश होइन, वरदानमा कसरी बदल्ने ? त्यो रणनीति आवश्यक छ अब . हाम्रा गाउँशहरको बसोबास, घर र विकासका संरचनाहरू बाढीलाई छेक्ने होइन निकास दिने खालको बनाउनु पर्छ ।

बाढीलाई त्रासदीको रूपमा प्रचार गरेर राजनीति वा कमाउने धन्दा मात्र नगरेर यो आवधिक मनसुनी पानीको व्यवस्थापन, सदुपयोग र जीवन निर्वाहका तौरतरिकामा बदलाव ल्याउन सकियो भने बाढी स्वत : वरदान बन्न सक्छ ।

नेपालको सम्पूर्ण भूभागको १७ प्रतिशत भाग मधेशले ओगटेकोछ । हरेक वर्ष वर्षातको समयमा बाढीपहिरो र डुबानबाट सरदर २ सय जनाको मृत्यु र २ अर्ब बराबरको धनमालको नोक्सान हुने गरेको एक आँकडाले देखाएको छ । तर पनि यसको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी कार्ययोजना, समःयाको पहिचान र न्युनीकरणका बारेमा खासै उपलब्धीम"लक काम भएको देखिदैन ।

वर्षभरि हुनेमध्ये ८० प्रतिशत वर्षा यही ३ महिनाभित्र हुने भएकाले यति बेला मधेशमा बाढीको जोखिम उच्च । यसरी वर्षेपिच्छे दोहोरिने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न सरकारले ल्याएको कार्ययोजना, यसको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी बन्न सकेका छैनन ।

अविरल वर्षाका कारण उत्पन्न हुने प्राकृतिक विपत्लाई रोक्न सर्वप्रथम स्थानीय सरकारसँग अधिकतम साधन स्रोत हुन जरुरी छ । त्यही निकायमार्फत् नै जोखिम न्यूनीकरण एवं परिचालन गर्न सकेमा मात्र बाढी र पहिरोबाट हुने उच्च प्राकृतिक संकटबाट नेपाली जनताको जीउधनको सुरक्षा गर्न सकिन्छ ।

हरेक वर्ष बाढीपहिरो आउँदा चाहे सत्ता पक्ष होस् वा प्रतिपक्ष नै किन नहोस् दुवैले जनतासमक्ष यसको रोकथामका लागि प्रतिबद्धता जाहेर गर्ने गर्छन् । त्यसैले अब वर्षा सुरु भइसक्यो, यसबाट हुने हानी, नोक्सानी र क्षति कम गर्न हरेक नेतृत्वले गरेको प्रतिबद्धता कार्यान्वयन गर्नु नै पर्दछ ।

मधेशमा बाढी आउनुको मुख्य कारण च'रे विनाश नै हो । चुरे विनाशका कारण जमिन कमजोर हुन्छ र त्यसले थोरै पानी परे पनि माटो-बालुवा बगाउँदै तराई मधेशमा लगेर थुपार्छ ।

अर्को समस्या, जथाभावी रुपमा नदी उत्खनन् पनि हो । गिट्टी बालुवाका लागि नदीमा जथाभावी उत्खनन् गरेका कारण नदीको बहाव अनियन्त्रित हुने गरेको विज्ञहरु बताउँछन् । त्यसले गर्दा नदीले आफ्नो बाटो परिवर्तन गरी जथाभावी कटान गर्ने गरेको पाइन्छ ।

विभिन्न सहायक नदीहरु अहिले पुर्रिदै गइरहेको छ । मान्छेले नदी किनारहरु अतिक्रमण गर्दै नदीसमेत पुर्न थालेपछि नदीबाट बग्ने पानी बस्तीतिर पुग्न थालेको छ । गाउँबस्तीमा रहेका अधिकांश साना खोला पुरिएका छन् । त्यसमा ठाउँमा कतै खेत बनाइएको छ, कतै बस्ती . त्यसैले पनि त्यस्ता स्थानमा बाढी तथा डुबानको समस्या बढ्ने गरेको पाइन्छ ।

यसपाली नदी नियन्त्रणका लागि ६ अर्ब २० करोड रुपैयाँ छुट्याइएको छ । यो बजेट संघीय सरकारको मात्र हो । प्रदेश र स्थानीय सरकारको बजेट छुट्टा छुट्टै हुन्छ । बर्सेनि यही हाराहारीमा बजेट विनियोजन हुँदै आए पनि अहिलेसम्म कुनै पनि नदी नियन्त्रणमा छैन । यो नदीले बस्ती तथा खेतबारीलाई अब क्षति गर्ने छैन भन्ने गरी कतै पनि भरपर्दो संरचना बनाउन सकिएको छैन ।

ठोस काम नगर्ने, बर्सेनि एउटै काम, एउटै क्षेत्रमा गर्नका लागि बजेट छुट्याइरहने र कर्मचारीदेखि नेतासम्म मिलेर कमिशन लिने प्रवृत्ति देखिएको छ । नदी नियन्त्रण, बाढी रोकथामका नाममा संघ, प्रदेश तथा स्थानीय तहले कमाई खाने गरेको पाइन्छ । बाढी आउने बित्तिकै नेताहरुको दौड शुरु हुन्छ । कोही हेलिकप्टर त कोही गाडी त कोही के के साधन प्रयोग गरेर बाढी प्रभावित क्षेत्रमा पुग्ने गरेका छन् । राहत दिएको फोटो खिचाएर प्रचार गर्ने चलन पनि शुरु भइसकेको छ ।

उद्धार र राहतको नाममा स्थानीय तह तथा प्रदेशले करोडौं रुपियाँ खर्च गर्छन् । त्यो कसले पाउँछ, कसरी पाउँछ, त्यसको लेखा जोखा कसैसँग हुँदैन ।

प्राकृतिक प्रकोप वर्षैपिच्छे आउने गर्छ । यो विषयमा प्रदेश र केन्द्र सरकारले हेक्का नराख्नु, पूर्व तयारी नगर्नु, संकटपछिको विपत्लाई प्रभावकारी व्यवःथापन नगर्नु नै ठूलो समस्या हो । समथल भु-भाग भएको मधेशमा केही दिनको वर्षाले नै डुबानको समस्या सिर्जना गरेको छ, यसको दीर्घकालीन समाधान के हो भन्ने कुरातर्फ सजगता नपनाउन' गम्भीर भुल हो ।

वनजंगल विनाश, चुरेको दोहन, जलवायुमा परिवर्तन बाढीको मुख्य कारण हो । चुरेको दोहन रोक्नु अहिलेको प्रमुख आवश्यक्ता हो । नदी नियन्त्रण, वृक्षरोपण, जग्गा प्लटिङमा कडाई, बसाई-सराईमा नियन्त्रण, ढलको उचित व्यवस्थापन गर्न सकेमा बाढीबाट केही हदसम्म जोगिन सकिन्छ । (मधेश दर्पण फिचर सेवा)

# खैरो हिरोइन सहित एक पक्राउ



सुनसरी । सुनसरीको धरान उपमहानगर पालिका वडा नं.१३ बाट नियन्त्रीत लागुऔषध खैरो हेरोईन सहित १ जना पक्राउ परेको छ ।

धरान वडा नं. १३ को विजय शेर्पाले आफ्नै कोठामा लागुऔषध लुकाई छिपाई राखेको भन्ने गोप्य सूचनाको आधारमा बिहिवार दिउँसो ४ बजे ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो ,

शेर्पाको साथबाट ३ ग्राम ३०० मिलिग्राम लागुऔषध खैरो हेरोईन फेला परेकोले शेर्पाको सम्बन्धमा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ,


## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाइरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) बान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ,

*3. यसबाट बच्न के-के गर्ने ?*

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**सुनबर्सि नगरपालिका, डाईनिया, मोरंग, प्रदेश नं. १**



## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उद्योग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन कामा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटवजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (बन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०


# विभिन्न स्थानबाट लागु औषध सहित ६ जना पक्राउ

विराटनगर, भाद्र ९ गते । प्रदेश नं. १ झापा, ईलाम र मोरङ जिल्लाका बिभिन्न स्थानबाट नियन्त्रीत लागुऔषध सहित ६ जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय झापा तथा सशस्त्र प्रहरी बल नेपाल नं. २ गण चन्द्रगढीबाट खटिएको संयुक्त प्रहरी टोलीले बाह्रदशी गाउँपालिका(२ बाट ६ ग्राम ५ मिलिग्राम ब्राउन सुगर सहित बाह्रदशी गाउँपालिका वडा नं. ३ को अमिन मोहम्मदलाई बिरिङ खोला किनाराबाट पक्राउ गरेको छ ।

त्यसैगरी ईलामको माइसेबुङ गाउँपालिका वडा नं. ५ को प्रेम राई र अमिर लिम्बु नियन्त्रीत लागुऔषध गाँजा सहित पक्राउ परेका छन् । प्रहरी चौकी पेल्टीमारीबाट खटिएको प्रहरी टोलीले २ केजी गाँजा सहित दुवै जनालाई पक्राउ गरेको हो ।

मोरङको केरावारी गाउँपालका वडा नं.६ बाट लागुऔषध सहित ३ जना पक्राउ परेका छन् । ईलाका प्रहरी कार्यालय केरावारीबाट खटिएको प्रहरी टोलीले मुगु खोला छेउमा पुर्वबाट पश्चिम तर्फ जाँदै गरेको को १० प ७६९३ नम्बरको मोटरसाईकललाई चेकजाँच गर्ने क्रममा उक्त मोटरसाईकलमा सवार रहेका केरावारी गाउँपालिका वडा नं ५ को रुपेश राई, धरान वडा नं. ८ की अविमाया राई र उत्सव लिम्बुलाई लागुऔषध सहित पक्राउ गरेको हो ।

पक्राउ परेकाहरुको साथबाट प्रहरीले डाईजेपलाव ९५ एम्पुल, एभिल ९४ एम्पुल र लुपिजेसिक ९७ एम्पुल लागुऔषध बरामद गरेको हो । लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा कानूनी कारवाहीका साथै थप अनुसन्धान भईरहेको छ ।


छोरा छोरी दुवै बराबरी त्यसैले दुवैलाई विद्यालय पठाऔं ।